परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४२ २०८२ असार १ आईतवार Sunday 15, JUN 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## मोबाईल केयर नामको पसलमा चारी गरेको आरोपमा तीनजना प्रहरीको फन्दामा



विराटनगर । भारतीय सिमानासँग जोडिएको विराटनगर महानगरपालिका र आसपासका पालिकाहरुमा चोरीको घटना बढेसँगै कटहरी गाउँपालिका-४ नयाँ बजारमा रहेको राज मोवाईल केयर नामक पसलमा चोरी गरेको आरोपमा समान सहित तीनजनालाई प्रहरीले २७ गते मंजगलबार पक्राउ गरका छन् ।

पक्राउ पर्नेमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ११ स्थितमा डेरा गरी बस्ने वर्ष २६ को रोशन कुमार मण्डल, धनपाल थान गाउँपालिका वडा नं. ७ बस्ने वर्ष २२ को विशाल कुमार सिंह, देश भारत अररिया जिल्ला ठेगाना भएका वर्ष १८ को कृष पासवान रहेका छन् ।

राज मोबाईल केयर नामक मोबाईल पसलमाके- कुन समयमा अज्ञात व्यक्तिहरुले पसल फोडी पसलमा रहेको ल्यापटप, एन्ड्रोईड मोबाईलहरु, सादा सेटका मोबाईलहरुतथा पसलमा मर्मत गर्न ल्याएका पुराना मोबाईल सेटहरु समेत चोरी भएको थियो । चोरी भएको निवेदन जिल्ला प्रहरी कार्यालयमा परेको उजुरीको आधारमा उनीहरुलाई पक्राउ गरेको थियो ।

चोरी भएको स्थानबाट शुक्ष्म अनुसन्धान गर्दै जाँदाचोरीमा संलग्न व्यक्तहरु मध्ये जिल्ला मोरङ धनपाल थान वडा नं. ७ बस्ने बर्ष २२ को विशाल कुमार सिंहलाई

बांकी अन्तिम पेजमा...

## कोशी प्रदेशको बजेटको आकार घट्दो

विराटनगर । श्रोत खुम्चिए को कारण प्रदेशको बजेटको आकार प्रत्येक वर्ष घट्दो रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कील वताएका छन् ।

आर्थिक वर्ष २०७५/०७६ मा ४६ अर्ब रुपैयाँ बराबरको बजेट ल्याएको भएपनि अहिले ३६/३७ अर्बको मात्रै ल्याउनुपर्ने अवस्था रहेको उहाँले जानकारी दिएका थिए । झापाको गौरदह क्याम्पसमा आयोजित कार्यक्रममा बोल्दै उहाँले प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेटको अन्तिम तयारी गरिरहेको जानकारी वताउँदै संघीय सरकारले केही श्रोतहरु अहिले रोकेको चर्चा गर्दै आगामी बजेट ३६/३७ अर्बको आउन सक्न अनुमान गरको छन् ।

त्यसैगरी कोशी प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् बैठकले आयोजना छनोट तथा वर्गीकरण सम्बन्धी कार्यविधि २०८० लाई मध्यनजर गरी न्यूनतम सीमा भित्र रहेर विषयगत मन्त्रालय ले आवश्यकता र औचित्यका योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्न सक्ने निर्णय गरेको छ ।

कोशी प्रदेश सरकारका आन्तरिक मामला तथा कानुनमन्त्री रेवती रमण भण्डारीले प्रदेश सरकारलाई प्राप्त हुन सक्ने स्रोतको सिमितता साथै बृहत कार्यक्षेत्र भएका कारण धेरै विषयलाई समेट्नुपर्ने वाध्यता भएकाले यस्तो परिस्थितिमा आयोजना छनोट तथा वर्गीकरण सम्बन्धी कार्यविधि २०८० लाई मध्यनजर गरेर यो निर्णय गरिएका जानकारी गराए ।

बैठकमा मुख्यमन्त्री कार्कीले भन्नुभयो - 'अहिले हामीले तानतुन पारेर ३७ अर्ब जतिको बजेट तयार गरिरहेका छौं तर

वांकी अन्तिम पेजमा...

## बाबा शिव मन्दिरको शिलान्यास

विराटनगर । कोशी प्रदेश सभा सदस्य गिता रानी महतोले जहदा गाउँपालिका वडा नं. २ हरिनगरामा विहीवार बाबा शिव मन्दिरको शिलान्यास गरेका छन् ।

सोही स्थानमा धेरै पुरानो टीनको छाना भएको बाबा शिव मन्दिर जीर्ण भएपछि त्यसैको पश्चिम दक्षिण कुनामा पक्की मन्दिर भवनको शिलान्यास गरेका हुन् ।

उक्त मन्दिर शिलान्यास गर्दै महतोले भनिन हाम्रो समाजमा रहेको मन्दिर, पार्टी, पौवा समाजिक धरोहरको रुपमा रहेको छ । संस्कृति र सभ्यता संरक्षण्को लागि मन्दिर निर्माण कार्यमा सवै गाउँवासीहरुले सहयोग गर्नु पर्ने भन्दै मन्दिर, विद्यालय लगातको संस्थामा राजनीति भन्दा माथि उठेर समाजको सम्पतिलाई संरक्षण र सम्वर्द्धन र नयाँ मन्दिर निर्मामा सवै एकजुट भएर लाग्नु पर्ने वताए ।


त्यसैगरी नेकपा ऐमाले मोरंग जिल्ला सदस्य जय प्रकाश महतोले भने हाम्रा पुर्खा हरुले मन्दिरलाई मनदिल भन्थे किन कि मन र दिल जहा जुट्छ त्यही मन्दिरको स्थापना हुन्छ । हामी बाहिर घुमफिर गर्दा मन एका तिर हुन्छ भने दिल अर्कै तिर हुन्छ तर जव हामी आफूले मन्ने धर्मका धार्मिक स्थानमा पुग्छौ त्यतिवेला मन र दिल एक भएको महसुस हुन्छ । त्यसैले समाजिक एकताको लागि

वांकी अन्तिम पेजमा...

## कोशी अस्पतालद्धारा जनहितमा जारी सूचना

- कोशी अस्पताल परिसर भित्र जथाभावी फोहर नगरौं ।
- कोशी अस्पताल आउने सेवा ग्राहीले अनिवार्य रुपमा मास्कको प्रयोग गरौ ।
- अस्पताल परिसरमा जथाभावी पार्किङ्ग नगरौं ।
- कोशी अस्पतालमा भर्ना भई उपचार गर्ने विरामीसंग एक जना कुरुवा मात्र बसौं ।
- अस्पतालमा पुर्जी काट्दा, डाक्टरसँग जाँच गराउँदा, जाँचको शुल्क बुझाउँदा, औषधी लिदा, औषधीको पूर्जामा विमाको छाप लगाउँदा, लगायतको सेवा लिदा आफ्नो पालो पर्खौं ।
- अस्पताल परिसर भित्र सुर्ती जन्य पदार्थ र धुम्रपान प्रयोग नगरौ ।
- अस्पताल परिसर भित्र भिडभाड हुने हुँदा पाकेट मार र उपचारको नाममा ठगी गर्ने दलालहरुसंग बचौं ।
- अस्पताल सबैको साझा सम्पत्ति भएकोले अस्पतालको सम्पत्तिलाई सबै मिलि संरक्षण गरौं ।
- स्वास्थ्य विमा गरेका स्वास्थ्य संस्थावाट रेफर सिफारिस अनिवार्य लिएर आउनु होला ।
- अस्पतला परिसर भित्र आफ्नो समानको सुरक्षा आफै गरौं, समान हराएमा अस्पताल जिम्मेवार हुने छैन

कोशी अस्पताल विराटनगर, कोशी प्रदेश



## अटोमोबाइन्स...

समेत व्यक्त गरेका थिए ।

त्यसैगरी उक्त वार्षिक साधारण सभामा एसोशिएसन लाई स्थापनाकालदेखि नै आफ्नो महत्वपूर्ण साथ सुझाव, सहयोग प्रदान गर्दै आइरहनु भएका एसोशिएसनका संस्थापक एसोशिएसनका सदस्य प्रतिष्ठानका ईस्टर्न अटो डिस्ट्रिव्यटरर्स प्रा.लि.का संचालक प्रेम खड्का, पवित्र अटोपार्टस् ट्रेर्डका संचालक महेश भट्टराईलाइ दोसल्ला लाई सम्मान गरेको थियो ।

त्यसैगरी मोरङ जिल्ला क्षेत्रमा रहेको ट्राफिक व्यवस्थापनलाई सहज बनाई आम नागरिकलाई सहजता प्रधान गरी सवारी साधान संचालन गर्नमा सहयोग गर्नु हुने इमान्दार, लगनशील तथा कर्मठ ट्राफिक प्रहरीद्वय ट्राफिक प्रहरी हवल्दार राम कुमार साह र ट्राफिक प्रहरी जवान कमला कार्कीलाई नगद पुरस्कार सहित सम्मान पत्रले सम्मान गरेको थियो ।

त्यसैगरी यस एशोसिएसन को भवन निर्माण कार्यको पहिलो तल्ला निर्माण गर्न सहयोग गर्नुभएका विभिन्न संस्था तथा महानुभावहरु मध्ये नाडा अटोमोबाइल एशोसिएशन अफ नेपाल, सिप्रदी ट्रेडिङ्ग, एसटीसी ग्रुपका संचालक सुरेन्द्र कुमार उप्रेती, मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी, नेपाल उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष भीम घिमिरेलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेशका माननीय मन्त्री रेवतीरमण भण्डारी र एशोसिएसनका अध्यक्ष संजय कुमार श्रेष्ठले सम्मान गरेका थिए ।

## मोबाईल...

जेष्ठ २७ गते पक्राउ पक्राउ गरको थियो ।

सिंहलाई जिल्ला प्रहहरी कार्यालय मोरङमा ल्याई थप अनुसन्धानपश्चात चोरी भएको सामानहरु विराटनगर-११ स्थितमा डेरा गरी बस्ने वर्ष २६ को रोशन कुमार मण्डलको कोठामा लुकाई राखेको भन्ने खुल्न आई तक्काल प्रहरी टोली उक्त स्थानमा खटि गई मण्डलको कोठा तलासी गर्दा रोशन कुमार मण्डलको कोठा भित्र लुकाई छिपाई राखेको अवस्थामा बिभिन्न कम्पनी का सादा नयाँ मोबाईल सेटहरु, पुराना मोबाईल सेटहरु बरामद भएको थियो ।

त्यसैगरी चोरी कार्यमा प्रयोग हुने औजारहरु (ड्रिल मेशिन, हथौडा, रड, पेच कस, पिलास लगायत) अवस्थामा फेला पारी बैशाख २९ गत मण्डल र मण्डल संगै कोठामा रहेको देश भारत अररिया जिल्ला ठेगाना भएका वर्ष १८ को कृष पासवान समेत २ जना माथि थप अनुसन्धान भई रहको छ ।

बरामदी सामानको विवरण, सादा मोबाईलका सेटहरु ८ थान, एन्ड्रोइड मोबाईलका सेटहरु २१ थन, बिग्रिएका टुटफुट भएका विभिन्न कम्पनिका मोबाईल सेटहरु ५१ थन, ल्यापटपको ब्याट्री १ थान, मोबाईलको डिस्प्लेहरु १३ थान, चोरीमा प्रयोग हुने औजारहरु (ड्रिल मेशिन, हथौडा, रड, पेच कस, पिलास) ९ थान समान वरामद भएको थियो ।

## बाबा...

नै हाम्रो हरेक टोलमा मन्दिरहरु निर्माण गरेका हुन्छ ।

नेकपा एमाले पुर्व जिल्ला कमिटी सदस्य धर्मेन्द कुमार राजवंशीले भने पुरानो मन्दिर जिर्ण भएको छ । नयाँ मन्दिर माननीय गितारानी महतोले शिलान्यास गरेका छन् । मन्दिर निर्माण सुरु भएको छ निर्माण सम्पन्न नहुन्जेल सम्म हामी सवैले आ-आफ्नो ठाउँवाट सहयोगर गरेमा चाडै मन्दिर सम्पन्न हुने विश्वास व्यक्ति गरेका थिए ।

शिलान्यास कार्यक्रममा वडा सदस्य, बुद्धीजीव, शिक्षक, पत्रकार र भद्र भलादमीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । मन्दिर शिलान्यास कार्यक्रम शिव मन्दिरको अध्यक्ष राजेश कुमार राजवंशीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## कोशी...

वास्तविक श्रोतको अवस्था हेर्ने हो भने अहिले हामीसँग ३३ अर्ब बराबरको मात्र स्रोत छ ।'

मुख्यमन्त्रीले बजेट तयारीको अन्तिम चरण सकिएको र भोलि प्रदेशसभा बैठकमा बजेट प्रस्तुत गरिने जानकारी पनि दिदै उहाँले श्रोत व्यवस्थापनमा चुनौती रहँदा केन्द्र सरकारको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै भन्नुभयो, “कतिपय श्रोतमा केन्द्र सरकारले कानुन बनाएर अधिकार दिन बाँकी छ, कतिपय श्रोत बन्द नै गरिएको छ ।”

प्रदेश सरकारको बजेटले शिक्षा, पूर्वाधार र सामाजिक क्षेत्रलाई प्राथमिकता दिने तयारी गरेको छ । सीमित स्रोतका कारण अपेक्षा अनुसारको बजेट ल्याउन कठिनाइ भएको मुख्यमन्त्री कार्कीले भन्दै गौरदहको विकासमा महत्वपूर्ण भूमिका खेलेको सो क्याम्पस को विविध पक्षबारे पनि मुख्यमन्त्रीले चर्चा गरेका थिए । उहाँले क्याम्पसको स्तरउन्नति र भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त व्यक्त गरेका थिए ।

मुख्यमन्त्री कार्कीले सो अवसरमा क्याम्पसबाट विदाई हुन लाग्नुभएका शिक्षकहरू आगामी दिनको सफलताको शुभकामना पनि व्यक्त गर्नुभएको थियो ।


खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर



# योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारीत छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एंव निश्पक्ष रुपमा राष्ट्रिको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोकसेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं ।

**“योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता”**

नेपाल सरकार, विज्ञापन बोर्ड



# वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

मधुबाबु तिवारी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ७ मोरंगव



# विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# प्रदेश सरकारको घट्दो बजेट

कोशी प्रदेशको पछिल्ला वर्षहरूमा बजेट घट्दै गएको स्पष्ट संकेतले प्रदेशको आर्थिक स्वास्थ्य, राजनीतिक स्थिरता र विकास योजनाप्रति गम्भीर चिन्ता उत्पन्न गराएको छ। चालू आर्थिक वर्षको बजेट विगत वर्षको तुलनामा उल्लेखनीय रूपले कम आकारको बजेट प्रस्तुत हुने देखिएको छ। जसले प्रदेशको समग्र विकास, पूर्वाधार निर्माण, रोजगारी सिर्जना तथा सामाजिक सेवा विस्तारमा अवरोध उत्पन्न गर्ने सम्भावना बढाएको छ। प्रदेश तहको अवधारणाले नै संघीयताको आत्मा बोकेको छ। तर, कोशी प्रदेशजस्तो महत्वपूर्ण प्रदेशमा बजेट घट्नुले संघीय अभ्यासको कार्यान्वयनमा चुनौती थपिएको देखिन्छ।

बजेट कटौती हुनुको पछाडि राजस्व संकलनमा आएको गिरावट, संघीय सरकारबाट प्राप्त हुने अनुदानको अस्थिरता, खर्चको अपर्याप्तता, राजनीतिक अस्थिरता र कार्यक्रमको प्रभावकारी योजना तथा कार्यान्वयनको अभाव जस्ता कारणहरू देखिएको छ। घट्दो बजेटको प्रत्यक्ष असर शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, ऊर्जा तथा रोजगारी क्षेत्रमा पर्ने देखिन्छ।। ग्रामीण विकास योजनाहरू थाँतीमा परेका छन् भने स्थानीय तहलाई दिने सहयोग पनि प्रभावित भएको छ। यसले जनताको राज्य प्रतिको विश्वासमा आँच आउन सक्छ।

सीमित स्रोत साधनको अधिकतम उपयोग, खर्चको पारदर्शिता, परियोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयनको चुस्त प्रणाली, र निजी क्षेत्रको सहभागिता सुनिश्चित गरेर यस अवस्थाबाट प्रदेशले बाहिर निस्कन सक्छ। साथै संघीय सरकारसँग समन्वय गर्दै स्थायी राजस्वका श्रोत निर्माण गर्नेतर्फ प्रदेश सरकारले ध्यान जानु आवश्यक छ। समयमै सही रणनीति अवलम्बन गरिएन भने घट्दो बजेटले प्रदेशको समृद्धिको सपना क्षीण बनाइ दिनेछ। यो विषयमा सबै तहका सरोकारवालाहरू गम्भीर बन्ने बेला आएको छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# जनवादी शिक्षा समाजको आवश्यकता कि राजनीतिक नारा ?

**डा. तुल्सीराम भण्डारी**

जनवादी शिक्षा (डेमोक्रेटिक एजुकेसन) लोकतान्त्रिक मूल्य-मान्यता, सहभागिता, समानता, स्वतन्त्रता र सहकार्यमा आधारित शिक्षा पद्धति हो। शिक्षालाई लोकतान्त्रिक मूल्य, समानता, सहभागिता र सामाजिक न्यायमा आधारित बनाएर समाज परिवर्तनको साधनका रूपमा प्रयोग गर्ने अवधारणा हो यो। जनवादी शिक्षाले विद्यार्थीलाई केवल जानकारी दिने माध्यम होइन बरु उनीहरूलाई आलोचनात्मक सोच, स्वतन्त्र विचार र सामाजिक उत्तरदायित्व सहितको सक्षम नागरिक बनाउने प्रयास गर्छ।

शिक्षक र विद्यार्थीबिचको सम्बन्ध पारस्परिक हुन्छ, जहाँ संवाद र सहभागिता शिक्षण प्रक्रियाको मूल आधार मानिन्छ। जनवादी शिक्षाको उद्देश्य हो– विभेद, उत्पीडन र असमानता विरुद्ध चेतना जगाउने र समावेशी तथा न्यायपूर्ण समाज निर्माणमा योगदान दिनु। पाउलो फ्रेरेजस्ता शिक्षाविद्को योगदानले यस शिक्षालाई 'दबिएकाहरूको मुक्ति'को मार्गका रूपमा समेत प्रस्तुत गरेको पाइन्छ।

**जनवादी शिक्षाका मुख्य विशेषता**

जनवादी शिक्षाले लोकता न्त्रिक सहभागितामा विश्वास राख्छ जहाँ विद्यार्थी, शिक्षक, अभिभावक सबैको शिक्षण प्रक्रियामा सहभागिता हुन्छन्। निर्णय प्रक्रियामा सहभागी भएर विद्यार्थीले लोकतान्त्रिक अभ्यास सिक्ने मौका पाउँछन्।

यसले समावेशी र समान अवसरमा जोड दिन्छ। सबै जात, लिंग, वर्ग, धर्म र भौगोलिक क्षेत्रका विद्यार्थीलाई समान अवसर दिने प्रयास यसमा गरिन्छ। यो सामाजिक न्याय र समावेशितामा समेत केन्द्रित हुन्छ।

यो विद्यार्थीकेन्द्रित शिक्षा हो जहाँ विद्यार्थीको रुचि, आवश्यकता र क्षमता अनुसार शिक्षण सामग्री तयार गरिन्छ; शिक्षकले सहयोगी र मार्गदर्शकको भूमिका निर्वाह गर्छन्।

यसले आलोचनात्मक सोच र स्वतन्त्रतामा जोडदिन्छ जहाँ विद्यार्थीलाई प्रश्न गर्न, सोच्न, बहस गर्न र आफ्नै विचार राख्न प्रोत्साहन गरिन्छ। शिक्षा केवल रटानमा नभई बुझाइ र प्रयोगमा आधारित हुन्छ।

यो सामाजिक परिवर्तन को माध्यम हो, यसको उद्देश्य केवल व्यक्तिको विकास होइन समाज रूपान्तरण पनि हो। यसले सामाजिक अन्याय, विभेद र उत्पीडनविरुद्ध चेतना र प्रतिरोधको भावना विकास गर्छ।

**जनवादी शिक्षाको महत्त्व**

जनवादी शिक्षाले शिक्षा प्रणालीलाई केवल ज्ञान प्राप्तिको साधन नभई सामाजिक रूपान्तरणको शक्तिशाली माध्यम बनाउँछ। यसले विद्यार्थीमा आलोचनात्मक सोच, आत्मविश्वास, नागरिक उत्तरदायित्व र समानताको भावना विकास गर्छ; जसबाट उनीहरू सचेत, उत्तरदायी र सक्रिय नागरिक बन्न सक्छन्। यसले उत्पीडन, विभेद र अन्याय विरुद्ध चेतना फैलाउने कार्य गर्दछ, जसले समावेशी, लोकतान्त्रिक र न्यायपूर्ण समाज निर्माणमा सहयोग पुऱ्याउँछ। साथै यो शिक्षा प्रणालीले शिक्षक, विद्यार्थी र समुदायबिचको सह भागिता र सहकार्यलाई जोड दिन्छ, जसले सिकाइलाई अधिक अर्थपूर्ण, प्रभावकारी र सशक्त बनाउँछ।

जनवादी शिक्षाले शिक्षा प्रणालीलाई केवल ज्ञान प्राप्तिको साधन नभई सामाजिक रूपान्तरणको शक्तिशाली माध्यम बनाउँछ। यसले विद्यार्थीमा आलोच नात्मक सोच, आत्मविश्वास, नागरिक उत्तरदायित्व र समानताको भावना विकास गर्छ।

**जनवादी शिक्षा र प्राविधिक शिक्षामा अन्तर**

जनवादी शिक्षा र प्राविधिक शिक्षाको तुलनात्मक विश्लेषण गर्दा यी दुई शिक्षण प्रणालीको उद्देश्य, पद्धति, दृष्टिकोण र सामाजिक प्रभावमा महत्त्वपूर्ण भिन्नता पाइन्छ। यद्यपि दुवै शिक्षाको आफ्नै महत्त्व छ र दुवैलाई सन्तुलित रूपमा अपनाउन आवश्यक छ।

जनवादी शिक्षा समाजको चेतना र संरचना परिवर्तनमा केन्द्रित हुन्छ। यसले समावेशी र लोकतान्त्रिक समाज निर्माणमा योगदान दिन्छ। प्राविधिक शिक्षा व्यक्तिलाई रोजगारी, व्यवसाय र उत्पादनशील कार्यमा दक्ष बनाउन केन्द्रित हुन्छ जसले आर्थिक समृद्धिमा टेवा पुऱ्याउँछ। दुवै शिक्षा प्रणाली एक-अर्काको पूरक हुनुपर्छ।

जनवादी शिक्षाले सामाजिक चेतना र उत्तरदायित्व विकास गर्छ भने प्राविधिक शिक्षाले आर्थिक विकास र जीविकोपार्जनमा सहयोग पुऱ्याउँछ। नेपालको सन्दर्भमा दुवैको समायोजन आवश्यक छ ताकि समावेशी, सक्षम र आत्मनिर्भर नागरिक उत्पादन गर्न सकियोस्। निम्न तालिकाबाट यी दुईबिचको तुलना स्पष्ट हुन्छ :

| तत्वहरू | जनवादी शिक्षा | प्राविधिक शिक्षा |
|---|---|---|
| मुख्य उद्देश्य | सामाजिक न्याय, समानता, चेतना र नागरिक उत्तरदायित्व | व्यावसायिक दक्षता, रोजगारी, उद्यमशीलता र आर्थिक विकास |
| शिक्षा दृष्टिकोण | आलोचनात्मक सोच, संवाद, सहभागिता र सामाजिक रूपान्तरण | व्यवहारिक, प्रयोगात्मक, सीपमूलक र दक्षतामा आधारित |
| केन्द्रबिन्दु | विद्यार्थीको आत्म-विकास र समाजको रूपान्तरण | रोजगारीको लागि आवश्यक सीप विकास |
| शिक्षण पद्धति | संवादमूलक (dialogical), सहभागितामूलक, आलोचनात्मक | प्रयोगात्मक, कार्यशाला, प्रयोगशाला र प्राविधिक अभ्यासमूलक |
| मुख्य योगदान | लोकतन्त्र, समावेशिता, सामाजिक चेतना र समानता | औद्योगिकीकरण, उत्पादनशीलता र आर्थिक आत्मनिर्भरता |
| प्रेरक विचारधारा | पाउलो फ्रेरे, क्रान्तिकारी शिक्षा, मानव मुक्ति | आधुनिकता, औद्योगिक विकास, व्यावसायिकता |
| उदाहरणहरू | मानव अधिकार शिक्षा, सहकार्यात्मक शिक्षण | इन्जिनियरिङ, कृषिसम्बन्धी तालिम, सूचना प्रविधि तालिम |
| नेपालको सन्दर्भ | संघीयता, सामाजिक न्याय र स्थानीय पाठ्यक्रमका बहसहरू | CTEVT (प्राविधिक बोर्ड), प्राविधिक बिद्यालयहरू, लघु तालिम कार्यक्रमहरू |

**केही देशमा अभ्यास**

जनवादी शिक्षाको

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# अटोमोबाइल्सको वार्षिक साधारसभा सम्पन्न

विराटनगर । आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेशका माननीय मन्त्री रेवतीरमण भण्डारीको प्रमुख आतिथ्यतामा मोरङ अटोमो-बाइल्स डिलर्स एशोसिएशनको १६ औं वार्षिक साधारण सभा शनिवार सफलतापूर्वक सम्पन्न भएको छ ।

एशोसिएशनका अध्यक्ष श्रेष्ठले सभामा पाल्नु भएका महानुभावहरुलाई स्वागत गर्दै वि.सं. २०५४ सालमा स्थापना भएको यस मोरङ अटोमोबाइल्स डिलर्स एसोशिएसनले अटोमोवाइल क्षेत्रमा आवद्ध हुनु भएका सम्पूर्ण व्यवसायीहरुको हक हितका साथै उद्योग व्यवसाय क्षेत्रमा आफ्नो सक्रीयता कायम राख्दै, महत्वपूर्ण भुमिका निर्वाह गदै आईरहेको बताए । त्यसैगरी व्यवसायीक एकताकै कारण विगतका दिनहरुमा बैंक तथा वित्तिय संस्थाको चर्को व्याजदरका कारण सम्पूर्ण उद्योगी व्यवसायीहरुलाई मार पर्न गएको अवस्थामा नेपालमा सर्वप्रथम नाडाको समन्वयमा सातै प्रदेशमा एकैदिन, एकैसाथ, एकै समयमा चर्को व्याज विरुद्ध विरोध प्रर्दशन गरी सडक आन्दोलन गरेको समेत जानकारी गराए ।

अध्यक्ष श्रेष्ठले मुलुकको वर्तमान अवस्थामा पनि एशोसिएसनले आफ्नो सदस्य प्रतिष्ठानहरुको संरक्षण तथा प्रवर्द्धनका लागि विभिन्न सरकारी निकायहरुमा प्रयास गदै आइरहेको, सरकारका सम्बन्धित निकाय तथा व्यवसायीहरु बीच पार-स्पारिक हित तथा विश्वास बढाउन सदैव क्रियाशिल रहीरहेको, सरकारले ल्याएको नीति नियमहरुको समर्थन र कार्यन्वयनमा सहयोग गर्दै भीसीटीएस, वस्तुहरुको इमपोर्टमा इमपोटरको विवरण तथा एक्सजिम कोडको साथै आफ्नो सदस्य प्रतिस्ठानहरुको हक हितको लागि आवश्यक पर्दा जोडदार ढंगले आवाज उठाउँदै समस्या समाधानका लागि प्रतिबद्ध जाहेर गरेका थिए ।

त्यसैगरी यस अटोमोबाइल क्षेत्रमा व्यवसाय गर्दा वस्तुको मुल्य रु. एक देखि सुरु हुने हुँदा हाल सरकारले प्रत्येक सामानमा : आरपी स्टिकर लगाउन अनिवार्य कार्यान्वयन गरेको हुँदा उक्त झन्झटिलो प्रक्रियाले व्यवसायीलाई झन मारमा पर्ने हुँदा सो सम्बन्धी कार्यान्वयनलाई सम्बिन्धत निकायले पुनः विचार गर्नुपर्ने समेत आग्रह गरेका थिए ।

अटोमोबाइल व्यवसायीले भोग्नु परिरहेका विविध समस्यालाई दृष्टिगत गरी विभिन्न व्यवसायी क्षेत्रलाई टेवा पुऱ्याउने अभिप्रायले विविध किसिमका तालिम गर्दै आइरहेको र यसबाट ठुलो संख्यामा प्रशिक्षार्थीहरु लाभान्वित भई कार्यक्षेत्रमा समेत संलग्न रहेको हुँदा भविष्यमा पनि यस किसिमका कार्यलाई निरन्तरता दिदै जाने प्रतिवद्धता जाहेर गर्दै कर, भन्सार तथा (भीसीटीएस) सम्बन्धित विषयमा जानेर वा नजानेर कतिपय व्यवसायीहरुले करमा देखिने समस्या, भन्सार क्षेत्रको विद्यमान व्यवस्था र व्यवसायीहरुले भन्सारमा अपनाउनु पर्ने विषय वस्तुमा सम्बन्धित निकायसँग समन्वय गरी त्यस विषयमा उठेका समस्यालाई समाधान गर्दै भविष्यमा यसलाई निरन्तरता दिने वताए ।

नेपालमा अटोमोबाइल क्षेत्र तीव्र गतिमा विकास हुँदै गइरहेको सन्दर्भमा विशेष गरी यातायात, पर्यटन र आर्थिक गतिविधिहरुमा यसले ठूलो योगदान पुऱ्याइरहेको हुँदा यस क्षेत्रलाई अझ विस्तार गर्नका लागि विद्युतीय गाडीहरुमा कर छुट, चार्जिङ्ग स्टेशनको विस्तार, निजी क्षेत्रलाई उपलब्ध गराउने चाजिङ्ग स्टेशनकालागि प्रर्याप्त विद्युत र सो सम्बन्धी शुल्क, सडकको विस्तार, नेपालमै विभिन्न ब्राण्डका गाडी एसेम्बल गर्नकालागि ल्याइने नीति तथा नियमलाई व्यवसायमैत्री बनाइनु पर्ने वहाँको धारणा थियो ।

त्यसैगरी अटोमोबाइल्स क्षेत्रका व्यवसायीहरुलाई आन्तरिक राजस्व कार्यालय विराटनगरबाट पाउने सेवा सुविधामा सुधार भई उत्कृष्ठ सेवा सुविधा प्राप्त भईरहेको हुँदा आन्तरिक राजस्व कार्यालय विराटनगरलाई धन्यवाद व्यक्त गरेका थिए । त्यसैगरी विराटनगर भन्सार कार्यालय मा विगतका समय भन्दा हाल सेवा सुविधामा केही सहज भएता पनि साना तथा मझौला व्यवसायीहरुलाई सन्दर्भ मूल्य पुस्तिका र साफ्टा अन्तर्गत आयात गरिने वस्तुमा साफ्टा सुविधा प्राप्त गर्न केही बाधा भइरहेको हुँदा यसलाई जति सक्दो सहज र सरल बनाई दिन हुन समेत आग्रह गरेका थिए ।

वर्तमान अवस्थामा देशको अर्थतन्त्र गतिशील बनाउने एउटा आधारका रूपमा अटोमोबाइल क्षेत्र समेत रहेको हुँदा यसै क्षेत्रलाई नेपाल सरकारको आ.व. २०८२/०८३ को बजेटले समेत सम्बोधन गरी सकारात्मक बजेट ल्याएता पनि बजेटले केही वस्तुगत व्यवसायहरु जस्तै, स्पन्ज आइरन, सुनचाँदी व्यवसायीमा भएको बिलासिता कर, कवाडी व्यवसायीका स्क्र्याप सिसामा निर्यात कर लगायत विभिन्न क्षेत्रबाट आएका नीतिगत त्रुटीहरुलाई सम्बोधन गर्नकालागि सम्बन्धित निकायलाई आग्रह गरेका थिए । यसैगरी नेपाल राष्ट्र बैंकद्वारा आगामी दिनमा जारी हुने मौद्रिक नीतिबाट समेत अटोमोबाइल क्षेत्रलाई सकारात्मक रुपमा हेरी यसै अनुरुप नीति आउने अपेक्षा

वांकी अन्तिम पेजमा...

# प्रतिवन्धित लागु औषधी सहित आठ पक्राउ

विराटनगर । मोरङ, धनकुट्टा र सुनसरीको विभिन्न स्थनाहरुबाट प्रतिवन्धित औषधी र ब्राउन सुगर सहित ८ जनालाई प्रहरीले पक्रउ गरेको छ ।

बिराटनगर महानगर पालिका-१६ स्थितमा लागू औषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा सुनसरी-१५ का २७ वर्षीय पहल मगरलाई ब्राउन सुगर १ ग्राम ७७ मिलिग्राम सहित र प्रहरी चौकी राजघाटले मोरङ उर्लाबारी-९ का २३ वर्षीय विवेक लिम्बुलाई ३५ मिलिग्राम ब्राउन सुगर साहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय धरानले धरान उप-महानगरपालिका-१० का २३ बर्षीय दिपेश जैसवाल र ३० वर्षीय कराम आङला लिम्बुलाई प्रतिबन्धित औषधी १९४ चक्की सहित पक्राउ गरेको थियो ।

त्यसैगरी अस्थायी प्रहरी पोष्ट बसपार्क र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले इनरुवा नगरपालिका-४ स्थित चेक जाँचको क्रममा बाग्मती प्र.०२-०५२ प ७७५७ नम्बरको स्कुटर चालक दुधौली नगरपालिका-१० सिन्धुलीका ३३ बर्षीय अर्जुन कटुवाललाई २७ ग्राम ९२ मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिए संगै ओसार पसारमा संलग्न उदयपुरको कटारी नगरपालिका-२ का ३३ बर्षीय सुमन माझी समेतलाई नियन्त्रणमा लिएको थियो ।

अस्थायी प्रहरी चौकी रेल्वेले धरान- १६ बाट सोही स्थानका ३४ बर्षीय रोहित बिष्टलाई १ ग्राम २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो । इलाका प्रहरी कार्यालय भेडेटार धनकुटाले साँगुरीगढी गाउँपालिका-६ बाट प्र.१-०२-००१ज ४५२७ नम्बरको गाडी भित्रबाट १० किलोग्राम गाँजा फेला पारी चालक धनकुटा नगरपालिका-९ का २० बर्षीय बालकृष्ण मगरलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका उनिहरुको सम्बन्ति प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

धनपालथान गाउँपालिका, गाउँपालिकाको
कार्यालय मोरंग, कोशी प्रदेश

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

जहदा गाउँपालिका, गाउँपालिकाको
कार्यालय मोरंग, कोशी प्रदेश

# बैंकिङ्को दीर्घकालीन समाधान कि नयाँ बोझ ?



रमेश कुमार बोहोरा

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत बैंकिङ क्षेत्रको गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी (ब्ककभत :बलबनझभलत ऋयफउबलथ) स्थापना गर्ने घोषणा गरेको छ। यो कदम सरकारको प्राथमिकतामा परेको देखिए तापनि यसको कार्यान्वयन पक्ष र विगतका अनुभवहरूले केही दुविधाको वातावरण सिर्जना गरिरहेका छन्।

अर्थमन्त्री विष्णु पौडेलले बजेट वक्तव्यमार्फत बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्न उक्त कम्पनी स्थापना गरिने घोषणा गरेका हुन्। यद्यपि यो अवधारणा नयाँ होइन। अघिल्ला सरकारका नीति तथा कार्यक्रमहरूमा पनि यसबारे चर्चा गरिएको थियो। त्यतिमात्र होइन रामेश्वर खनालको नेतृत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले समेत गैरबैंकिङ सम्पत्तिको संकट गहिरिँदै गएकाले दीर्घकालीन समाधानस्वरूप सम्पत्ति व्यवस्थापन कम्पनी गठन गर्नुपर्ने सिफारिस गरेको थियो।

आयोगको प्रतिवेदनअनुसार २०७६ सालको असारसम्म जम्मा ५ अर्ब २५ करोड रुपैयाँ बराबरको गैरबैंकिङ सम्पत्ति थियो भने २०८१ को असार सम्म आइपुग्दा यो रकम ३५ अर्ब ५१ करोड रुपैयाँ पुगेको छ। अर्थात् पाँच वर्षमा यसमा सातगुणा बढी वृद्धि भएको छ। यो दरले आगामी वर्षहरूमा अझै बढ्ने सम्भावना रहेकोले यस संकटलाई गम्भीर रूपमा लिनुपर्ने देखिन्छ। बैंक तथा वित्तीय संस्थाहरू कर्जा असुलीमा प्रभावकारी हुन नसक्नु आर्थिक मन्दी, ऋणग्राहीहरूको क्षमता घट्नु र प्रणालीगत कमजोरीहरू यसका प्रमुख कारण मानिन्छन्।

विगतमा नेपाल राष्ट्र बैंकले समेत सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयास गरेको थियो। कार्यकारी निर्देशक राजनसिंह भण्डारीको संयोजकत्वमा गठन गरिएको कार्यदलमा भीष्म ढुंगाना, पर्शुराम कुँवर र मनोज गोयल जस्ता अनुभवी बैंकरहरूको सहभागिता थियो। कार्यदलले कम्पनीलाई कानुनी अधिकार र विशेषाधिकारसहित स्थापना गर्नुपर्ने सिफारिस गरे पनि त्यसको कार्यान्वयनमा गति देखिएन।

हालको बजेटमा स्पष्ट रूपमा यो विषय समावेश गरिएकाले बैंकिङ क्षेत्र केही हदसम्म उत्साहित देखिन्छ। नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले लामो समयदेखि बैंकरहरूले उठाउँदै आएको माग सम्बोधन भएको भन्दै यसलाई सकारात्मक कदमका रूपमा स्वागत गरेका छन्। तर उनका अनुसार केवल घोषणा गरेर मात्र नपुग्ने भएकाले कार्यान्वयनमा सरकार गम्भीर हुन आवश्यक छ। उनका शब्दमा "घोषणा राम्रो हो, अब कार्यान्वयनको पक्ष अझ महत्त्वपूर्ण हुन्छ।"

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री भने त्यति उत्साहित देखिँदैनन्। उनका अनुसार, "सम्पत्ति शुद्धीकरण, राजस्व अनुसन्धान वा अन्य नियामक निकायहरू पनि स्थापना भए तर तिनीहरू कति प्रभावकारी भए भन्ने हेर्नुपर्ने समय आएको छ। यस्ता कम्पनी खोल्ने नाममा कुनै पात्रलाई नियुक्त गर्ने र काम नगर्ने परम्परा दोहोरिन सक्छ।" उनको चिन्ता हो कि नेपालमा यस्ता घोषणाहरू बजेटमा त आउँछन् तर त्यसको कार्यान्वयन नगरी अलपत्र पारिन्छ। यदि सिर्जनात्मक उद्देश्यसहित कम्पनी स्थापना नगरिएमा उक्त संस्थाले समाधान दिनुको सट्टा थप बोझ सिर्जना गर्न सक्ने चेतावनी उनी दिन्छन्।

राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा सम्पत्ति व्यवस्थापन कम्पनीको उल्लेख गरेपछि अहिले मस्यौदा तयारीको चरणमा पुगेको छ। यद्यपि, कानुनी संरचना, कार्यविधि, जनशक्ति, लगानी मोडेल र अधिकार निर्धारणका पक्षमा अझ धेरै गृहकार्य गर्न बाँकी नै छ।

वैश्विक सन्दर्भमा हेर्ने हो भने जापानले सन् १९९० को दशकको बैंकिङ संकटपछि Resolution बलम ऋयर्ाभिअतष्यल Corporation (RCC) स्थापना गरी खराब कर्जा व्यवस्थापन गरेको थियो। दक्षिण कोरियाले सन् १९९७ को एसियाली वित्तीय संकटपछि Korea Asset Management Corporation (KAMCO) स्थापना गरेर त्यस्तै कार्य सम्पन्न गरेको थियो। अमेरिकाले पनि सन् १९८९ देखि १९९५ सम्म Resolution Trust Corporation RTC को प्रयोग गरेर संकटग्रस्त बैंकहरूलाई राहत दिने प्रयास गरेको थियो। यी अन्तर्राष्ट्रिय उदाहरणहरूले देखाउँछन् कि जब प्रणाली गत वित्तीय संकट आउँछ तब यस्ता संस्थागत संयन्त्रहरू अपरिहार्य बन्छन्।

नेपालको सन्दर्भ भने ती देशहरूभन्दा भिन्न छ। नेपालको आर्थिक संरचना, बैंकिङ अभ्यास, कानुनी ढाँचा र संस्थागत क्षमता हरू तुलनात्मक रूपमा कमजोर छन्। यस्तो अवस्थामा सम्पत्ति व्यवस्थापन कम्पनीलाई कस्तो कानुनी अधिकार, उद्देश्य र संरचना दिइन्छ भन्ने कुरा अत्यन्त संवेदनशील हुन्छल। यदि कम्पनीलाई केवल खराब कर्जा किन्ने संस्था बनाइयो र पुनःवितरण वा वसूली प्रक्रियामा राजनीतिक हस्तक्षेप भयो भने यसले ठूला कारोबारिहरूलाई उन्मुक्ति दिन खोजिएको सन्देह पैदा गर्न सक्छ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको कम्पनी प्रभावकारी ढंगले सञ्चालन गर्न राष्ट्रको कानुनी संरचनामा समेत सुधार आवश्यक हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र ऋण असुली ऐन, २०५८ मा आवश्यक संशोधन गरी सम्पत्ति व्यवस्थापन कम्पनी लाई स्पष्ट र बलियो कानुनी आधार दिनु आवश्यक छ। अन्यथ कम्पनी केवल एक कागजी संस्था बन्ने सम्भावना रहन्छ।

अब प्रश्न उठ्छ के सरकारले यो घोषणा व्यवहारमा उतार्न सक्दछ ? के कानुनी संरचना, वित्तीय मोडेल, दक्ष जनशक्ति, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरेर कम्पनीलाई प्रभावकारी बनाइनेछ वा फेरि पनि यो घोषणा केवल घोषणामै सीमित हुनेछ र पुरानै समस्याहरू पुनः दोहोरिने छन् ?

सम्पत्ति व्यवस्थापन कम्पनीको सफलता यसको संस्थागत स्वरूप र राजनीतिक इच्छाशक्तिमा निर्भर रहनेछ। गैरबैंकिङ सम्पत्तिको वृद्धिले मुलुकको वित्तीय स्थायित्वमा गम्भीर असर पार्न सक्ने सम्भावना रहेकोले अब यस विषयलाई टालटुल ढंगमा होइन दीर्घकालीन रणनीति र प्रतिबद्धता सहित समाधान गर्नुपर्ने आवश्यकता देखिन्छ। बैंकहरूबाट असुल गर्न नसकिएका ऋणहरूको समयमै व्यवस्थापन गर्न नसके सम्पूर्ण वित्तीय प्रणाली नै जोखिममा पर्न सक्छ जसको प्रत्यक्ष असर अर्थतन्त्र, रोजगारी, लगानी तथा समग्र विकास प्रक्रियामा पर्न सक्नेछ।

यसैले अब आवश्यक छ कि सरकार केवल घोषणा गरेर मात्र नबसोस् तर कानुनी, संस्थागत र कार्यान्वयन पक्षमा समेत स्पष्ट, निर्णायक र पारदर्शी रूपमा अघि बढोस्। नत्र यो पनि विगतका अरू यस्तै घोषणाहरूझैँ अधुरो र निराशाजनक बन्नेछ। (लेखक बोहोरा अर्थ सवाल साप्ताहिक का सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

# मुख्यमन्त्री र चीनका राजदुत बीच भेटवार्ता



विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की र चीनका राजदूत चेन सोंग बीच भेटवार्ता भएको छ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा राजदूत र मुख्यमन्त्रीबीच भेटघाटको अवसरमा दुईपक्ष हितका विषयमा कुराकानी भएको थियो।

सो भेटघाटमा मुख्यमन्त्री हिक्मत कुमार कार्कीले कोशी प्रदेश सरकारले अहिले गरिरहेको काम का विषयमा प्रकाश पार्नुभएको थियो। कृषि, पर्यटन, सूचना प्रविधिका विषयमा सहयोग गर्नका लागि पनि राजदूत सोंगलाई मुख्यमन्त्री कार्कीले आग्रह गरेका थिए। उहाँले किमाथांका-जोगबनी सडकका विषयमा पनि राजदूतलाई जानकारी गराउँदै सडकले नेपालको पर्यटन र विकासमा महत्वपूर्ण योगदान पुग्ने वताएका थिए

सो अवसरमा चीनका राजदूत चेन सोंगले कोशी प्रदेशको कृषि उत्पादनलाई प्रविधिसँग जोडेर गुणस्तरीय उत्पादन गर्न सके बजार विस्तार हुने वताउँदै कोशी प्रदेशको कृषि उत्पादन बजारीकरण का विषयमा चासो राखेका थिए। राजदूत सोंगले किमाथांका क्षेत्रमा आफ्नोतिर सबै निर्माण काम भएको तर नेपालतर्फ काम हुन नसकिरहेको विषयमा पनि चासो राखेको थियो।

चीनतर्फको भागमा अहिले निर्माण कार्य सम्पन्न भइसकेको छ। नेपालतर्फको निर्माणमा ध्यान दिनुपर्ने कुरामा उहाँको जोड थियो। राजदूत चोग केही दिनदेखि कोशी प्रदेशको भ्रमणमा हुनुहुन्छ। उहाँले इलाम लगायत कोशी प्रदेशका विभिन्न क्षेत्रमा चीन सरकारले गरेको सहयोगका कार्यक्रम हरू निरीक्षण गर्नुभएको थियो

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

सूचना सूचना सूचना
सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।
सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## जनवादी...

अवधारणालाई विश्वका विभिन्न देशमा विभिन्न रूप र अभ्यासका साथ अपनाइएको छ। यस्ता अभ्यासले शिक्षा प्रणालीलाई सहभागी, समावेशी, विद्यार्थीकेन्द्रित र सामाजिक रूपमा उत्तरदायी बनाएका छन्। यी देशहरूले जनवादी शिक्षाको विभिन्न आयामलाई प्रभावकारी रूपमा व्यवहारमा उतारेका छन्। अनुभवहरूले देखाउँछन् कि जनवादी शिक्षा केवल राजनीतिक नारामा सीमित नभई व्यावहारिक सुधार र सामाजिक न्यायमा आधारित शिक्षा प्रणाली बनाउन सकिन्छ। नेपालजस्ता विकासोन्मुख मुलुकहरूले यस्ता अभ्यासबाट प्रेरणा लिएर स्वदेशी सन्दर्भ अनुसार जनवादी शिक्षा प्रणाली निर्माण गर्न सक्छन्। यहाँ जनवादी शिक्षाको उत्कृष्ट अभ्यास भएका केही देशको चर्चा गरिएको छ :

**फिनल्यान्ड**

फिनल्यान्डको शिक्षा प्रणाली विश्वकै उत्कृष्ट जनवादी शिक्षाको नमुना मानिन्छ। विद्यार्थीमाथि कुनै प्रारम्भिक स्तरमा मूल्याङ्कन तथा परीक्षा हुँदैन यहाँको शिक्षा स्वतन्त्रता, रचनात्मकता र सोच विकासमा केन्द्रित हुन्छ। शिक्षकहरूलाई उच्च सम्मान र स्वतन्त्रता दिइन्छ; उनीहरू पाठ्यक्रम निर्माणमा सक्रिय सहभागी हुन्छन्। सबै वर्गका विद्यार्थीलाई समान अवसर सुनिश्चित गरिन्छ। फिनल्यान्डमा भएका केही जनवादी अभ्यास हुन्– निःशुल्क र गुणस्तरीय शिक्षा; निर्णय प्रक्रियामा विद्यार्थी र शिक्षकको सहभागिता; समावेशी; गैरप्रतिस्पर्धात्मक शिक्षा प्रणाली आदि।

**नेदरल्यान्ड्स**

नेदरल्यान्ड्समा 'डेमो- क्रेटिक स्कुल्स'को अवधारणा मा आधारित केही संस्थाले पूर्ण स्वतन्त्रता र विद्यार्थी नेतृत्वमा आधारित शिक्षा दिन्छन्। प्रत्येक विद्यार्थीले आफूले सिक्न चाहेको विषय छनोट गर्न सक्छ। यहाँ भएका केही जनवादी अभ्यास हुन्– 'सडबुरी' र 'समरहिल' शैलीका विद्यालयहरू, विद्यार्थीको आवाज र निर्णयलाई सम्मान, पाठ्यक्रममा लचिलोपन र स्वतन्त्र सोचमा जोड आदि हुन्।

**क्यानडा**

क्यानडामा शिक्षा प्रणालीमा स्थानीय समुदाय, आदिवासी समूह र विद्यार्थीको सहभागिता बढाइएको छ। विविधता र समावेशितालाई शिक्षा प्रणालीमा केन्द्रित गरिएको छ। यहाँ भएका केही जनवादी अभ्यास हुन्– आदिवासीको शिक्षा अधिकार समावेश गर्ने पहल, विद्यार्थी तथा शिक्षकको सहभागितामूलक पाठ्यक्रम निर्माण, आलोचनात्मक विचार र नागरिक जिम्मेवारीलाई प्रोत्साहन आदि।

**ब्राजिल**

ब्राजिलमा दार्शनिक पाउलो फ्रेरेको योगदानबाट जनवादी शिक्षाको अवधारणा लाई गहिराइमा अभ्यास गरिन्छ। शिक्षा केवल जानकारी हस्तान्तरण होइन उत्पीडन विरुद्धको चेतना जागरणको माध्यम हो भन्ने मान्यता राखिन्छ। यहाँ भएका केही जनवादी अभ्यास हुन्छ। 'पेडागोजी अफ अप्रेस्ड'को दर्शनमा आधारित शिक्षण, सामुदायिक शिक्षा र श्रमजीवी वर्गको चेतना विकास, सहकार्य र संवादमा आधारित पाठशाला आदि।

न्युजिल्यान्ड

न्युजिल्यान्डमा आदिवासी शिक्षाको पुनर्जागरण र स्थानीय संस्कृति समावेश गरी समावेशी जनवादी शिक्षा प्रवर्द्धन गरिएको छ। साथै विद्यार्थी केन्द्रित र परियोजना आधारित शिक्षा प्रणाली अवलम्बन गरिएको छ। यहाँ गरिएका केही जनवादी अभ्यास हुन्– प्रारम्भिक शिक्षामा जनवादी र समावेशी पाठ्यक्रम, शिक्षक र विद्यार्थीबिचको साझेदार सम्बन्ध, विविध समुदायहरू को आवाजलाई शिक्षामा समावेश गर्ने नीति आदि।

**नेपालमा प्रारम्भ र अभ्यास**

नेपालमा जनवादी शिक्षाको अवधारणा विशेषतः राजनीतिक परिवर्तन र सामाजिक सचेतनाको आन्दोलनसँग गाँसिएको छ। यसको विकास ऐतिहासिक, वैचारिक र व्यावहारिक तवरले क्रमशः अगाडि बढेको छ।

नेपालमा जनवादी शिक्षाको बिजारोपण २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि हुन थाल्यो। राणाशासनको निरंकुश शिक्षाप्रणालीपछि नागरिकलाई शिक्षाको पहुँच दिनुपर्ने मागसँगै लोकतान्त्रिक, समावेशी र चेतनामूलक शिक्षाको आवश्यकता अनुभव गरियो तर वास्तविक रूपमा जनवादी शिक्षाप्रति सचेत बहस र वैचारिक आधार पञ्चायती व्यवस्थाको विरोध र वामपन्थी आन्दोलनसँग विशेष रूपमा जोडियो। वामपन्थी नेताहरूले शिक्षा केवल ज्ञान हस्तान्तरणको प्रक्रिया नभई उत्पीडन र असमानताको अन्त्य गर्ने औजार हुनुपर्छ भन्ने धारणा अघि सारे।

२०४६ सालको जन आन्दोलन पछि बहुदलको पुनः स्थापनासँगै जनवादी शिक्षाको बहस नयाँ चरणमा प्रवेश गऱ्यो। त्यसपछि शिक्षा नीतिहरूमा समावेशिता र समानताको मापदण्ड समावेश हुन थाले। 'स्थानीय पाठ्यक्रम विकास'को अवधारणालाई बल दिइयो, जसले समुदायको संस्कृति र आवश्यकता अनुसार सिकाइ हुन सक्ने बनायो।

शिक्षा विभागहरूमा विकेन्द्रीकरण र विद्यालय व्यवस्थापनमा अभिभावक, शिक्षक र समुदायको सहभागिता बढाइयो। यस अवधिमा पाउलो फ्रेरेजस्ता शिक्षाविद्को विचारले शिक्षा कर्मीमा जनवादी शिक्षा र आलोचनात्मक शिक्षाको दृष्टिकोण फैलाउन मद्दत गऱ्यो।

हाल नेपालको शिक्षा प्रणालीमा जनवादी शिक्षाका केही सैद्धान्तिक तत्त्व व्यवहारमा देखिन्छन्। ती तत्त्व हुन्छ। विद्यालय व्यवस्थापन समितिमा स्थानीय सहभागिता; बालमैत्री, सहभागी र समावेशी शिक्षण विधिको प्रयोग; सामुदायिक विद्यालयमा अभिभावकको भूमिका; लैंगिक तथा सामाजिक समावेशितामा जोड; सामाजिक न्याय, मानव अधिकार र लोकतन्त्रसम्बन्धी पाठ्यवस्तु आदि। यद्यपि व्यावहारिक रूपमा अझै पनि धेरै चुनौती छन्। जस्तै : स्रोत-साधनको अभाव, दक्ष शिक्षकको अभाव तथा जनवादी शिक्षाको ज्ञानको कमी, नीति र कार्यान्वयनबिचको दूरी, सहरी-ग्रामीण र निजी-सार्वजनिक विद्यालयबिचको खाडल आदि।

नेपालमा जनवादी शिक्षाको प्रारम्भ राजनीतिक परिवर्तनको आन्दोलनसँग जोडिएको थियो भने यसको विकास बहुदलीय व्यवस्था र शिक्षाको विकेन्द्रीकरणसँगै अघि बढ्यो।

यद्यपि नीतिगत तहमा यसले केही सफलता प्राप्त गरे पनि व्यवहारमा अझै सशक्त कार्यान्वयन र वैचारिक स्पष्टताको खाँचो छ। प्रभावकारी जनवादी शिक्षा अभ्यासका लागि शिक्षक तयारी, समय तथा स्रोतको व्यवस्थापन र समुदायको सक्रिय सहभागिता आवश्यक छ। (लेखक भण्डारी जन स्वास्थ्यविज्ञ तथा पोखरा विश्वविद्यालयका पूर्वपरीक्षा नियन्त्रक हुन्।) रातो पाटीबाट सभार

# जिल्ला प्रहरी कार्यालय इलामको निरिक्षण



विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले जिल्ला प्रहरी कार्यालय इलामको निरीक्षण भ्रमण गर्नु भएको छ।

निरीक्षण भ्रमणको क्रममा वँहाले कार्यलय भवन, मेस, सम्पुर्ण शाखाहरु तथा हिरासत कक्षको निरीक्षण गर्नुका साथै प्रहरी सेवा प्रवाहलाई थप चुस्तदुरुस्त एवं प्रभावकारी बनाउन र नागरिकमा प्रहरी सेवाको पहुँच पुऱ्याउन कार्यरत प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका छन्।

निरीक्षण भ्रमणकै क्रममा वहाँले स्थानीय स्तरमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आत्महत्या न्युनिकरण लगायत विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरी आत्महत्याको बड्दो दरमा कमी ल्याउन सकिने बिश्वास व्यक्ति गरेका थिए।

साथै पर्यटकिय क्षेत्र, धार्मिक स्थल भएको पहाडी जिल्ला इलाममा शान्ति सुरक्षा कायम राख्न तथा अपराधिक गतिबिधि नियन्त्रण गर्नको लागि कडाईका साथ चेकजाँचको ब्यवस्था मिलाउनका साथै फैसला कार्यान्वयन अन्तर्गत फरार प्रतिबादीहरु पक्राउ अभियानलाई तिबत्रा दिन समेत वँहाले निर्देशन दिएका थिए।

यसका साथै वर्षायामको समयमा पहाडी जिल्लाहरुमा हुने वाढी पहिरो जस्ता विपदका घटनाहरुमा नागरिकको धनजनको सुरक्षाका लागी तत्काल उद्धार कार्यमा परिचालन हुन सक्ने गरी तयारी अवस्थामा रहन समेत वँहाले निर्देशन दिएको थियो।

निरीक्षण भ्रमणको क्रममा जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी नायव उपरीक्षक मान बहादुर राईले प्रदेश प्रहरी प्रमुख कार्कीलाई इलाम जिल्लाको समग्र शान्ती सुरक्षाको अवस्था, जनशक्ति व्यवस्थापन, भावि कार्य योजना, सुरक्षा चुनौतीहरु लगायतका विषयहरुमा अवगत गराएको थियो।







हाम्रो पहिचानमा हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रिको पहिचानलाई सम्मान गरौं ।

"हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार, विज्ञापन बोर्ड